का.जि.प्र.का.द.नं. १००/०५१/५०

१० भदौ २०८१,
सोमबार
26 August, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १९५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## डेडिकेटेड र ट्रंकलाइन समस्या

# चर्काचर्की, अनि अनिर्णित



प्राधिकरण माथि नै किन जबर्जस्त आक्रमण गरियो ? यो असान्दर्भिक छ । कुनै एउटालाई आक्रमण गर्न आवश्यक छैन ।

■ **लेखनाथ दाहाल**
सांसद, माओवादी केन्द्र



समयमै बक्यौता महसुल किन नउठाएको ? यसमा नाइस टु अलबाट समस्या समाधान हुँदैन । कुनै अधिकारीमाथि कारवाहीको कुरा गर्न लग लग काम्नु पर्दैन । कुनै व्यक्तिको लोकप्रियतासँग कोही डराउनु पर्दैन ।

■ **गोकुल बास्कोटा**
सांसद, नेकपा एमाले



बक्यौता उठाउनुपर्छ भनिरहेको व्यक्तिलाई कारबाही गर्नुपर्छ भनेर हामीले सिफारिस गऱ्यौं भने समाजमा के सन्देश जाला ? यसकारण अहिले कसैलाई कारबाहीको सिफारिस भए दुर्भाग्य हुन्छ ।

■ **अर्जुन नरसिंह केसी**
सांसद, नेपाली कांग्रेस

डेडिकेटेड र ट्रंकलाइन विवाद २०७२ सालदेखि हो । यस सम्बन्धमा अदालत र संसदीय समितिका साथै विभिन्न आयोग बनेर आदेश, निर्देशन र सुझाव दिइएका छन् । तर झण्डै २२ अर्ब बक्यौता महसुल भने उठ्न सकिरहेको छैन ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

प्रतिनिधि सभाको सार्वजनिक लेखा समिति डेडिकेटेड र ट्रंकलाइनको बक्यौता महसुल विवादमा अनिर्णित भएको छ । गत साउन १८ गते सार्वजनिक लेखा समितिले विद्युत प्राधिकरणका पदाधिकारी र डेडिकेटेड फिडर र ट्रंकलाइन सुविधा लिएका उद्योगीहरुसँग छलफल गरेको थियो । त्यसअगाडि पनि समितिले उद्योगहरुसँग छलफल गरेको थियो ।

विगतको छलफलको आधारमा निर्णय लिन भनेर आइतबार बसेको समिति बैठक बिना निष्कर्ष टुंगिएको हो । समिति सभापति ऋषिकेश पोखरेलका अनुसार यो विषयमा छलफल गर्न समितिको पुनः अर्को बैठक बस्नेछ ।

यसअघि लेखा समितिले नेपाल विद्युत प्राधिकरणका पदाधिकारीहरू र डेडिकेटेड र ट्रंकलाइन सुविधा लिएर बक्यौता महसुल तिर्न बाँकी रहेका उद्योगीहरुसँग छुट्टाछुट्टै र सामुहिक छलफल गरेको थियो । सम्बन्धित सरोकारवाला पक्षहरू समेतको आधारमा लेखा समितिको सचिवालयले ६ बुँदे निर्णयको मस्यौदा तयार पारेको थियो ।

तर, उक्त मस्यौदामाथि छलफल भएता पनि आइतबार लेखा समितिले कुनै निर्णय पग्न नसकेको हो । निर्णय लिन खोज्दा सांसदहरूबीच चर्काचकी भएको थियो ।

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख भए अनुसार २१ अर्ब ८८ करोड बक्यौता महशुल उठाउन विद्युत प्राधिकरणलाई निर्देशन दिने निर्णयको मस्यौदामा सबै राजनीतिक दलहरू सहमत थिए ।

बाँकी निर्णय गर्न नहुने पक्षमा नेपाली कांग्रेससहित, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादीका सांसदहरु उभिए ।

नेकपा एमालेका सांसदहरू ९ वर्षसम्म बक्यौता महशुल नउठ्नुमा सम्बन्धित निकायका अधिकारीहरु जिम्मेवार रहेको भन्दै कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने अगाडिका साथ प्रस्तुत भए । बैठकको सुरुमै बोलेका प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहाल बोले । उनले 'यो विषय कसरी समितिमा आयो ?' भनेर प्रश्न गरे ।

'प्राधिकरण माथि नै किन जबर्जस्त आक्रमण गरियो ? यो असान्दर्भिक छ' उनले भने, 'कुनै एउटालाई आक्रमण गर्न आवश्यक छैन । यो विषयमा थप निर्णय गर्न आवश्यक छैन । यसअघि डा. मिनेन्द्र रिजाल नेतृत्वका गठित संसदीय उपसमितिको सिफारिस अनुसारको निर्णय किन कारवाही भएन भनेर सोध्ने निर्णय मात्रै गर्न सकिन्छ ।'

नेकपा एमालेका सांसद अच्युत प्रसाद मैनालीले नेपाल विद्युत प्राधिकरणले बक्यौता महसुल उठाउन योजना बनाएको नदेखिएकाले उनीहरू जिम्मेवार रहेको भन्दै माओवादी सांसद दाहालको प्रतिवाद गरे । एमाले र माओवादी केन्द्रका >>> पृष्ठ २ मा

## रामेछापमा पहिरो

# ६ जनाको मृत्यु, ४ बेपत्ता



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ भदौ ।

रामेछापको दोरम्बामा पहिरो जाँदा ६ जनाको मृत्यु भएको छ ।

दोरम्बास्थित शैलुङ गाउँपालिका-३ मा गएराति पहिरोले तीन घर पुरिँदा अन्य चार जना बेपत्ता भएका छन् । एक जना घाइतेको अवस्था गम्भीर छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार उक्त पालिकाको वडा नं ३ मा खसेको पहिरोमा परी ३० वर्षीया चण्डीका श्रेष्ठ र निजका १८ महिनाका छोरा आयुष, ५७ वर्षीया उर्मिला पहरी, ३० वर्षका सन्दिप पहरी, ११ वर्षका सन्तोष पहरी र १४ वर्षका विज्ञान पहरीको मृत्यु भएको हो ।

११ वर्षीया अञ्जना श्रेष्ठ घाइते भएकी छन् ।

गाउँपालिकाकी उपाध्यक्ष खमला थापामगरले दिएको जानकारीअनुसार गएराति पहिरो खसेको हो । घटनाबारे जानकारी पाउनासाथ स्थानीय, प्रहरी र नेपाली सेनाका जवान उद्धार र खोजीमा जुटेका जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक प्रदीपकुमार सिंहले जानकारी दिनुभयो । पहिरोले वडा नं २ र ३ को सिमाना भएर बग्ने अँधेरी खोलको पक्की पुल पनि बगाएको छ ।

यसैबीच, नेपाली तीर्थयात्री चढेको बस भारतमा दुर्घटनामा परेको छ । भारतको बिहार राज्यको समस्तीपुरमा भएको उक्त दुर्घटनामा बाराको बारागढी गाउँपालिका-३ मूर्तिपलियाका ४५ जना घाइते भएका छन् ।

उक्त बसमा २५ महिला र ६ बालबालिकासहित ४७ तीर्थयात्री सवार थिए ।

तीन जना गम्भीर घाइते छन् । दुई जना सकुशल रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता प्रकाश सापकोटाका अनुसार गम्भीर घाइतेमा देवनारायण पण्डित, सुवोध साह तेली र नौ वर्षीया बालिका रहेका छन् ।

ना ७ ख ६४४६ नम्बरको देव दर्शनको सो बसलाई ट्रकले पछाडीबाट ठक्कर दिँदा उक्त दुर्घटना भएको हो । सबै तीर्थयात्री बिहारको देवघर बाबाधाम तीर्थाटनका लागि गएका थिए ।

बस दुर्घटनामा परेका सबै बारागढी गाउँपालिका-३ मूर्तिपलियाका रहेको पाइएको छ । घाइतेको समस्तीपुरस्थित सदर अस्पताल र अन्य नीजि क्लिनिकमा उपचार भइरहेको छ ।


भारतका विभिन्न तीर्थस्थलको दर्शन गर्न उक्त बस शनिबार बिहान ११ बजे रक्सौल नाका हुँदै भारत प्रस्थान गरेको थियो ।

## वैदेशिक रोजगार विशेष

# सय नपुऱ्याउने म्यानपावर अनुगमनपछि मात्र नवीकरण हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ भदौ

वैदेशिक रोजगार विभागले अघिल्लो आर्थिक वर्ष सय जनाभन्दा कम कामदार पठाउने म्यानपावरको इजाजतपत्र नवीकरणका लागि आह्वान गरेको छ । विभागले आइतबार एक सूचना जारी गरी नेपाल राजपत्रको खण्ड ७४ अतिरिक्तांक २३ मा साउन ३१ गते सूचना प्रकाशित भएको भन्दै अघिल्लो वर्ष सयभन्दा कम कामदार पठाएका म्यानपावरलाई आर्थिक वर्ष २०८१/०८२ का लागि विलम्ब दस्तुरसहित नवीकरणका लागि निवेदन दिन भनेको छ ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
१०० भन्दा कम कामदार पठाउने वैदेशिक रोजगार व्यवसायी संस्था नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना
शाखा अधिकृत

मन्त्रिपरिषद्को गत साउन ३१ गतेको बैठकले आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ मा वार्षिकरुपमा न्यूनतम् सय जना कामदार पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०८१/०८२ का लागि नवीकरण गर्न आएमा अन्तिम पटकका लागि नवीकरण गरिदिने गरी बाधा अड्काउ फुकाउ आदेश जारी गरेको थियो ।

विभागले आइतबार जारी गरेको सूचनामा यसअघि नै नवीकरणका लागि निवेदन दिएका म्यानपावर कम्पनीले नवीकरणका लागि पुनः निवेदन दिनु नपर्ने बताएको छ । वैदेशिक रोजगार ऐनमा एक आर्थिक वर्षका लागि नियमित नवीकरण दस्तुर १० हजार र असोज मसान्तसम्म प्रत्येक महिनाको थप १० हजार विलम्ब दस्तुर लाग्ने व्यवस्था छ ।

विभागले इजाजतपत्र नवीकरण भने अनुगमनपछि मात्रै गरिने बताएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले २ सय ५९ म्यानपावर कम्पनीले सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नपाएको बताएको छ । विभागले यसअघि जनशक्ति कम भएको भन्दै अनुगमनको काम थाती राख्दै आएको थियो ।

अनुगमनपछि म्यानपावर कम्पनीको नवीकरण गर्ने विभागको पछिल्लो भनाइले आश्चर्यमा पारेको कतिपय व्यवसायीहरुले टिप्पणी गरेका छन् । व्यवसाय सञ्चालनका लागि अनिवार्य मानिने इजाजतपत्र >>> पृष्ठ २ मा

# भुइँमै विद्यार्थी



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ९ भदौ ।

सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी भौत्तिक पूर्वाधार, विद्यार्थीका लागि आवश्यक डेस्कबेन्च र शिक्षकको तलबमा खर्च हुने गरेको छ । तर नेपालमा कैयन यस्ता विद्यालय पनि छन्, जहाँ डेस्कबेन्चको अभावमा भुइँमै बसेर विद्यार्थी अध्ययन गर्न बाध्य छन् ।

उदाहरण हो- रौतहटको फतुवा विजयपुर नगरपालिका-१ शितलपुरस्थित दलित प्राथमिक विद्यालय । यो विद्यालयमा डेस्कबेन्च खरिद गर्नका लागि नगरपालिकाले छुट्याएको रकमकै अनियमितता भएको आशंकासमेत स्थानीयले गरेका छन् ।

उक्त विद्यालयमा अध्ययनरत बालबालिकालाई बस्नका लागि फतुवा विजयपुर नगरपालिकाले गत वर्ष ४ लाख बढी रकम विनियोजन गरेको थियो ।

नगरपालिकाका शिक्षा संयोजक राजेश यादवले आइतबार विद्यालयमा अनुगमन निरीक्षण गरेका थिए । त्यसक्रममा विद्यालयमा एउटा पनि बेन्च डेस्क नरहेको र विद्यार्थीहरु भुइँमा बोरा ओछ्याएर पढ्न बाध्य रहेको पाइएको छ ।

शिक्षा संयोजक यादवका अनुसार नगरपालिकाले गत वर्ष बेन्च डेस्क खरिद गर्न उक्त विद्यालयलाई ४ लाखभन्दा बढी रकम उप्लब्ध गराएको थियो ।

एक वर्षदेखि दिवा खाजासमेत नखुवाइ दिवा खाजाको रकम पालिकाबाट बुझेर अनियमितता गरेको आरोप कतिपयले विद्यालयका प्रधानाध्यापक राजेन्द्र हजरामाथि लगाएका छन् ।

लालबकैया नदिको किनारमा १७ वर्ष अघि दलित प्राथमिक विद्यालय स्थापना गरिएको थियो । विद्यालय स्थापना भएको १७ वर्ष बितेपनि अझै विद्यालयको भवन निर्माण हुन सकेको छैन ।

बिना टाटीको टाएल्सको घरमा सञ्चालित उक्त विद्यालयमा विद्यार्थीलाई बस्न डेस्कबेन्च छैन । त्यति मात्र होइन विद्यालयमा शौचालय पनि छैन । शौचालय नहुँदा शिक्षक र विद्यार्थीहरु दिशा पिशाव खुला ठाउँमा गर्न बाध्य छन् ।

कक्षा १ देखि ५ सम्म पढाइ हुने उक्त विद्यालयमा एक सय ८१ जना विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालयमा प्रधानाध्यापकसहित चार जना शिक्षक र तीन जना बालविकास शिक्षक रहेका छन् ।

२०७७ सालमा तत्कालीन वडा अध्यक्ष सन्जय साहले उक्त विद्यालयको >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१० भदौ २०८१, सोमबार
26 August 2024, Monday

# संविधान दिवस मनाउन मूल समारोह समिति गठन



**काठमाडौं/मस-** संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ लाई जनस्तरमा स्मरणीय तथा हर्षोल्लासका साथ मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीका अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार गृह मन्त्रालयद्वारा आयोजित बैठकले संविधानसभाबाट नेपालका संविधान जारी भएको दिन (२०७२ असोज ३) लाई राष्ट्रियरुपमा मनाउन आउँदो असोज २, ३ र ४ गते तीन दिनसम्म नेपालभित्र र विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरु र जनस्तरमा समेत दीपावलीलगायतका विविध कार्यक्रम तय गरेको छ ।

असोज २ गते काठमाडौंको नारायणहिटी (दरबारमार्ग) मा सांगीतिक महोत्सव (नेसनल डे कन्सर्ट) र दिवसका दिन असोज ३ गते काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा मूल समारोह समितिको कार्यक्रम गर्ने तय भएको छ । यस्तै असोज ४ गते सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने, सार्वजनिक सवारी साधनहरुमा राष्ट्रिय झण्डा फहराउन आव्हान गर्ने लगायतका कार्यक्रम तय गरिएको छ ।

प्रधानमन्त्री ओलीले जनताको बलिदान र संघर्षबाट संविधान प्राप्त भएकाले संविधान दिवसलाई राज्यस्तरबाट मनाइनुका साथै सबै जाति, समुदाय र भूगोलका जनताले स्वत:स्फूर्तरुपमा भव्यरुपमा दिवस मनाउनुपर्ने बताए । उनले सामाजिक जीवनका सबै क्षेत्र परिचालित हुने गरी संघ, प्रदेश र स्थानीय तहबाट कार्यक्रम हुनुपर्ने बताए । प्रधानमन्त्री ओलीले भने,'संविधान दिवस देशको सबैभन्दा ठूलो चाड हो । यो कुनै जाति, समुदाय र भूगोल विशेषको होइन, सिंगो देशको वार्षिक मेला हो । त्यसअनुसार मनाउने तयारी गर्न म सबैलाई आग्रह गर्दछु ।'

दिवसको मूल समारोह समितिमा उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु, राज्यमन्त्रीहरु, काठमाडौं महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति, ललितपुर महानगरपालिकाका प्रमुख, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु, नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान अधिकृत, काठमाडौं उपत्यकास्थित नगरपालिकाका प्रमुखहरु सदस्य र गृह मन्त्रालयका सचिव, सदस्य-सचिव रहेका छन् ।

दिवसका लागि मूल समारोह समितिका साथै प्रचार-प्रसार, बृहद् जनसहभासगितासहित राष्ट्रिय गीतहरुको कन्सर्ट कार्यक्रम, सांस्कृतिक झाँकी व्यवस्थापन, सांस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन, ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन, मञ्च सजावट तथा व्यवस्थापनका लागि उपसमिति पनि गठन गरिएको छ ।

# श्रीकृष्ण जन्माष्टमी पर्व मनाइँदै



**काठमाडौं/मस-** वैदिक सनातन हिन्दू धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्व आज देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउँदैछन् ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्णजन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ । यसदिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष ' व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौं अवतारका रूपमा जन्मिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेका थिए ।

कुरुक्षेत्रमा कौरवसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् भगवान् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्भागवतगीता' पवित्र ग्रन्थ मानिन्छ। छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ ।

बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गरेका पौराणिक ग्रन्थमा उल्लेख छ । यस अवसरमा आज पाटनको मंगलबजारस्थित प्रसिद्ध कृष्ण मन्दिरमा ठूलो मेला लाग्दछ।

यसैगरी राजधानीको उत्तरपूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिकामा रहेको नवतनधाममा पनि भक्तजनको भीड लाग्छ ।

उत्तरी भेगस्थित बूढानीलकण्ठमा रहेको अन्तर्राष्ट्रिय श्रीकृष्ण भावनामृत संघको कार्यालयमा रहेको श्रीकृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्छ।

बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर परिसरमा रहेको श्रीकृष्ण मन्दिरमा पनि आज श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा झुलनोत्सव कार्यक्रम आयोजना गरिएको छ। यसैगरी राजधानीका विभिन्न स्थानमा रहेका ठूला, साना श्रीकृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्ने गर्छ।

यसै उपलक्ष्यमा काठमाडौंका विभिन्न धार्मिक संघसंस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ । शोभायात्रा आज मध्यरातमा श्रीकृष्णको जन्म भएपछि मंगलबार निकाल्ने गरिन्छ । यस पर्वका अवसरमा सरकारले आज देशभर सार्वजनिक बिदा दिएको छ ।

श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा सामुदायिक एवं संस्थागत विद्यालयले बालबालिकालाई श्रीकृष्ण एवं राधाका रुपमा शृंगार गरेर विभिन्न कार्यक्रम आयोजना गर्ने गरेका छन् । यसबाट बालबालिकामा यस पर्वको महत्व बुझ्न सहयोग पुग्ने गरेको छ ।

# जनताको गुनासो नआउने गरी काम गर्न मन्त्री राणाको निर्देशन




**सरु भुसाल/मध्यान्ह**
बुटवल, ९ भदौ

लुम्बिनी प्रदेश सरकारका खानेपानी तथा शहरी विकास मन्त्री रोज राणाले जनताबाट कुनै पनि गुनासो नआउने गरी काम गर्न कर्मचारी हरुलाई निर्देशन दिएका छन्। मन्त्रालय मातहतका कर्मचारीहरुलाई निर्देशन दिँदै मन्त्री राणाले मन्त्रालयको साख उच्च हुने र जनताको गुनासो कहिकतैबाट नआउने गरी काम गर्न मन्त्रालय र मातहतका कार्यलय प्रमुखहरुलाई निर्देशन हुन् ।

खानेपानी जनताको दैनिक उपभोग्य महत्वपूर्ण सम्वेदनसिल बस्तु भएको बताउँदै मन्त्री राणाले १ घर १ व्यक्ति शुद्ध पानी दिने गरि काम गर्न आग्रह गर्दै वर्तमान जमना अनुसारको प्रविधिको प्रयोगलाई उच्च महत्वका साथ जनतालाई सहज व्यावहारिक रुपमै सर्वसुलभ, र सर्वसाधारण पहुँचयोग्य बनाउने प्रदेश सरकारको योजना रहेको बताए ।

मन्त्री राणाले पछिल्लो समयमा मन्त्रालयले खानेपानी र शहरी विकासको क्षेत्रमा दीर्घकालीन रूपमा जनतामा सकारात्मक प्रभाव पार्ने गरी कार्ययोजना बनाइरहेको र ती योजना कार्यान्वयन भइसकेपछि खानेपानी शहरी विकास मन्त्रालयको साख अझैं उच्च हुने विश्वास व्यक्त गरे । मन्त्री राणाले मितव्ययिता अपनाउँदै पूँजीगत खर्चमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर आगामी दिनमा अगाडि बढ्न निर्देशन दिँदै शहरी विकास खानेपानी मन्त्रालयलाई जनताको आवश्यकता अनुसार समयानुकूल बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

जिल्ला हरुमा हुने विकास निर्माणका कामहरु गुनासो नआउने समय अनुकुल गर्न निर्देशन दिँदै मन्त्री राणाले कुनै ठाउँबाट गुनासो नआउने गरी काम गर्न आग्रह गरे ।

# जुम्लामा भरुवा बन्दुकसहित एक जना पक्राउ

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ९ भदौ

जुम्लामा अवैध हतियारसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा जुम्लाको गुठिचौर गाउँपालिका वडा नं. १ घर भइ पातारासी गाउँपालिका ५ लासी बाजरमा मोटरसाइकल ग्यारेज गरी बस्ने अन्दाजी ३२ वर्षीय सुर्य बहादुर महतारा रहेका छन् ।

जुम्लाका प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीका अनुसार प्लाष्टिकको बोराभित्र लुकाइ छिपाइ राखिएको अवस्थामा बरामद गरिएको हो ।

पक्राउ परेका महताराको थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ । आइतबार पत्रकार सम्मेलन गरेर उक्त घटनाबारे सार्वजानिक गरिएको छ ।

त्यस्तै जिल्ला प्रहरी कार्यालय जुम्लाले चोरी भएको मोटरसाइकल समेत बरामद गरेको छ। यही भदौ ४ गते राति तातोपानी गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष गोकर्ण रावलले आफ्नै घर आगनमा पार्कीङ गरी राखेको क.प.०१-००१ब ०३७९ न. को १५० सीसीको चोरी भएको मोटरसाइकल बरामद गरेको हो । प्रहरी नायब उपरीक्षक कामतीका अनुसार उक्त मोटरसाइकल चोरी भएको विषयमा जिप्रकामा उजुरी आएसँगै खटिएको प्रहरी टोलीले विभिन्न ठाउँहरुमा चेक पोइन्ट समेत कडाईका साथ खोजतलास गरेको थियो। जुम्ला प्रहरीले वडा अध्यक्ष गोकर्ण रावललाई सम्पर्क गरी उक्त मोटरसाइकल बुझाइएको छ । जुम्लाको शान्ति सुरक्षा कायम गर्नका लागि चोरी गर्ने व्यक्तिहरुको खोजतलासी र अपराध न्यूनीकरणका लागि अन्य अनुसन्धान गर्ने कार्य रहेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ ।

# वडाध्यक्षले ट्रान्सफर्मर जडान गरिदिएपछि स्थानीय हर्षित

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ भदौ



कम भोल्टेजको समस्या भोगिरहेका सितलपुरबासीलाई नयाँ ट्रान्सफर्मर जडानले निकै खुशी दिएको छ । चरम गर्मीको दिनमा घरभित्र पनि गर्मीले यातना दिइरहेको अवस्थामा ट्रान्सफर्मर जडान भएपछि स्थानीयबासी निकै हर्षित भएका हुन् ।

रौतहटको फतुवा विजयपुर नगरपालिका २ का वडा अध्यक्ष अनिरूद्व प्रसाद यादव उर्फ संजयको निरन्तर पहलमा स्थानीयबासीलाई खुशी प्राप्त भएको हो ।

वडा अध्यक्ष यादवले विद्युत प्राधिकरणसहित सरोकारबाला हरेक व्यक्ति र कार्यालयमा धाएर स्थानीयबासीको समस्या समाधान गराउन सफल भएका हुन्। उनको पहलमा सो वडामा दुई वटा ट्रान्सर्फमर जडान भएको छ। सो वडाका वडाबासी लामो समयदेखि कम भोल्टेजको समस्याबाट पीडित थिए । अत्यधिक कम भोल्टेजको कारण पंखा घुमेको जस्तो मात्र गर्ने, कुनै विद्युतीय काम गर्न ज्यादै कठिन हुने, बारम्बार लाइन जाने र लाइन ट्रिप हुने समस्याबाट स्थानीयबासी लामो समयदेखि पीडित थिए । अब उपरान्त उक्त समस्याबाट छुटकारा पाउने भएका छन् ।

सितलपुरमा नयाँ ट्रान्सफर्मर जडान भएपछि स्थानीयबासी निकै खुसी भएको स्थानीय महेश यादवले बताएका छन् । उनले भने,पंखा चलाउन, बारीमा मोटर चलाएर पानी पटाउन तथा अन्य काम गर्नका लागि सजिलो भएको यादवको भनाइ छ ।

## चर्काचर्की...

सांसदहरू वादप्रतिवादमा उत्रिएपछि प्रमुख सत्ताघटक नेपाली कांग्रेसका सांसदहरु बीचमा रहेर प्रस्तुत भए ।

कांग्रेसका सांसद राजन केसीले प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा डा. मिनेन्द्र रिजालको नेतृत्वका गठित तत्कालीन सार्वजनिक लेखा समितिको उपसमितिको सिफारिसलाई आधार बनाएर अगाडि बढ्नुपर्ने बताए । कांग्रेसका सांसद अर्जुन नरसिंह केसीले 'जनतामा उद्योगी बचाउन संसदको सार्वजनिक लेखा समिति र सरकार लागि परेको भाष्य रहेको' बताए।

यस्तो अवस्थामा विद्युत प्राकिरणका कर्मचारीमाथि कारबाहीको सिफारिस गर्न नसकिने र समिति यस्तो निर्णयमा पुगे आफूले नोट अफ डिसेन्ट लोख्ने बताए ।

'बक्यौता उठाउनुपर्छ भनिरहेको व्यक्तिलाई कारबाही गर्नुपर्छ भनेर हामीले सिफारिस गर्‍यौं भने समाजमा के सन्देश जाला ?' प्रश्न गर्दै उनले थपे, 'अहिले कसैलाई कारवाहीको सिफारिस भए दुर्भाग्य हुन्छ। त्यो भए मेरो नोट अफ डिसेन्ट हुन्छ। यसकारण बाँकी विषयका लागि बरु एउटा उपसमिति गठन गरौं र निर्णयमा पुगौं ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले 'डेडिकेटेड ट्रंकलाइनको बक्यौता महसुल विवादमा आफनो पार्टी बाहेक सबै जिम्मेवार रहेको' बताए ।

विद्युत प्राधिकरणका कार्यकारी निर्देशन कुलमान घिसिङ केन्द्रित बहस भएको अनुभूत आफूले गरेको भन्दै उनले समस्या रहे यता प्राधिकरणको कार्यकारी निर्देशक पदमा मुकेश काफ्ले, हितेन्द्र शाक्य पनि रहेको बताए ।

'यसमा जिम्मेवार को को छन भनेर हेर्ने कुरा स्वागतयोग्य नै हो। असल नियत राखेर समस्या सुल्झाउन खोज्नु राम्रो हो । तर, कोही एकजना मात्रै टार्गेट गर्नु हुँदैन' सांसद झाले भने । कांग्रेसकै सांसद रामकृष्ण यादवले कोही उद्योगीको पक्षधर र कोही प्राधिकरणको पक्षधर जस्तो देखिन पुगेको टिप्पणी गरे ।

'महालेखाको भनेको कसैले मानेन भने त्यो निकाय किन चाहियो ? त्यसकारण २१ अर्ब ८८ करोड असुल गर्नै पर्छ। तर, हामी कोही व्यापारीसँग धेरै नजिक भइरहेका छौं, कोही प्राधिकरणको नजिक भइरहेका छौ ।'

एमालेका सांसद गोकुल बास्कोटाल बक्यौता महसुल रकम उठाउने निर्णयका साथमा जिम्मेवार अधिकारीहरु कारबाहीको सिफारिस गरिनुपर्ने प्रस्ताव गरे ।

'मलाई लोकप्रियताको कुरा छैन । महालेखाको प्रतिवेदन अनुसार उठाउनु पर्छ । १६ अर्ब किन छुट दिइयो ? यसमा जिम्मेवार अधिकारीहरु जोसुकै होस् कारबाहीको दायरामा आउनैपर्छ ।'

विद्युत प्राधिकरणले प्राप्त गरेको सफलतामा राज्यकै लागनी र योगदान रहेको उल्लेख उनले बताए । 'विद्युत प्राधिकरण कसैको निजी लगानीको होइन । ठूला कुरा गरेर हुन्छ ? समयमै महसुल किन नउठाएको ? अहिले राजनीतिकरण गर्ने ?' बास्कोटाले भने, 'नाइस टु अल बाट यो समाधान हुँदैन । सही कुरालाई जनताको समर्थन छ । कुनै अधिकारीमाथि कारवाहीको कुरा गर्न लग लग काम्नु पर्दैन । कुनै व्यक्तिको लोकप्रियतासँग कोही डराउनु पर्दैन ।'

## सय...

समयमा नवीकरण नहुनु दुःखद् हुने उनीहरूको भनाइ छ । नवीकरण नभएको अवस्थामा विभागमा लट नम्बर (एलटी) नखुल्ने र कामदार समयमा पठाउन नपाउने समस्या सिर्जना हुने उनीहरुले बताएका छन् ।

विभागले आवश्यकताभन्दा थोरै जनशक्ति भएका कारणले विगतदेखि नै कतिपय म्यानपावर कम्पनी र भिजिट भिसाको धन्दा चलाउने शैक्षिक कन्सल्ट्यान्सीहरूमाथि अनुगमन हुन नसकेको बताउँदै आएको छ । यस्तो अवस्थामा अनुगमनपछि मात्रै व्यवसायीको इजाजत नवीकरण गर्ने भन्नुले दुःख दिन वा मोलमोलाइ गर्न चाहेको त होइन ? भन्ने केही वैदेशिक रोजगार व्यवसायीले आशंका गरेका छन् ।

## भुइँमै...

भवन निर्माण गर्नका लागि नगरपालिकाबाट १६ लाख रुपैयाँ निकासा गराएका थिए । अरु ठाउँमा तीन कठा जग्गा खरिद गरी मधेश प्रदेश सरकारको २५ लाखको लागतमा भवन समेत निर्माण भएको थियो । उक्त जग्गा र भवन विद्यालयलाई हस्तान्तरण नहँदा पनि समस्या भएको स्थानीय विद्यानन्द यादवले बताए । उनका अनुसार उक्त जग्गा र भवन एक प्रतिष्ठानको नाममा हस्तान्तरण भएको छ ।

विद्यालयका लागि जग्गा किन्न र भवन बनाउन सरकारले लाखौं रकम विनियोजन गरेपनि पूर्ववडा अध्यक्ष साहले ठूला नेताको शक्ति र पावरको आडमा विद्यालयलाई उक्त खरिद गरिएको जग्गा र निर्माण गरिएको भवन हस्तान्तरण नगरि कसैको निजी प्रतिष्ठानको नाममा पास गर्नु गैरकानूनी भएको भन्दै सम्बन्धित निकायले कानूनी कारबाहीका लागि कदम चाल्नुपर्ने बताए ।

# विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ९ भदौ

रौतहट राजपुर नगरपालिकाका दुई विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ । वडा नं. ३ मा सञ्चालित श्री शेख ईद्रिस प्रा.वि.का ९ सय ५५ बालबालिका र वडा नं.६ मा सञ्चालित श्री आधारभूत विद्यालय कुडियाका १ हजार ११ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो ।

प्रमुख प्रशासकीय अधिकृत खुर्शैद आलम र ईद्रिस प्रा .वि का प्राधानाध्यापक मो.एकलाखले युएनडिपीको सहयोगमा प्राप्त उक्त शैक्षिक सामग्री एक समारोहकाबीच हस्तान्तरण गरेका हुन् ।

गाउँ-गाउँका बालबालिकाहरुको मनोवल बढाउँदै शिक्षा क्षेत्रमा सहयोग पुग्ने र सानो बच्चाहरुको उच्च शिक्षातर्फ पूर्ण ध्यान जाओस् भन्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत आलमले बताए ।

# बढ्यो विद्युत खपत




**काठमाडौं/मस-** मुलुकबाट विद्युतभार कटौती अन्त्य भई नियमित रुपमा विद्युत आपूर्ति हुन थालेपछि विद्युत (ऊर्जा) खपतमा उल्लेख्य वृद्धि भएको छ । नेपाल विद्युत प्राधिकरणका अनुसार ऊर्जा खपत तीन गुणा बढेको छ। आर्थिक वर्ष २०७२/७३ मा तीन ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ। आठ वर्षको अवधिमा देशभित्रको विद्युत खपत ६ अर्ब ५१ करोड युनिट वृद्धि भएको हो । आठ वर्षअघि विद्युत खपत वृद्धिदर नै ऋणात्मक थियो ।

गत आवमा सबैभन्दा बढी गार्हस्थ्यतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत खपत भएको छ । बाँकी विद्युत अन्य समूहका ग्राहकले खपत गरेका हुन्। आठ वर्षअघि एक सय ३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा चार सय युनिट पुगेको छ ।

आठ वर्षअघि बर्खायाममा समेत दैनिक आठ घण्टा विद्युतभार कटौती थियो । हिउँदमा दैनिक १४ घण्टासम्म विद्युतभार कटौती गर्नुपर्ने प्रक्षेपण थियो । विसं २०७३ को कात्तिकदेखि काठमाडौं उपत्यका हुँदै क्रमिक रुपमा देशका प्रमुख सहरमा गार्हस्थ्यतर्फका ग्राहकको र त्यसपछि औद्योगिक ग्राहकको विद्युतभार कटौती अन्त्य गरिएको थियो। सरकारले २०७५ वैशाखदेखि सिङ्गो मुलुक विद्युतभार कटौतीमुक्त घोषणा गरेको थियो ।

आठ वर्षअघि ५८ प्रतिशत घरपरिवारमा मात्र विद्युत पुगेको थियो । अहिले ९९ प्रतिशतमा विद्युत पुगेको छ । विद्युतको पहुँच पुगेका घरपरिवारमध्ये ९७ प्रतिशत राष्ट्रिय ' ग्रिड'बाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत, सौर्य ऊर्जालगायतबाट विद्युत उपभोग गरिरहेका छन् । आठ वर्षअघि विद्युतका ग्राहक करिब ३० लाख रहेकामा हाल सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेका छन् ।


प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतभार कटौती अन्त्यपछि पर्याप्त निरन्तर विद्युत आपूर्ति हुन थालेपछि विद्युत खपत बढेको बताए ।

हरेक वर्ष विद्युत माग बढेसँगै विद्युत आपूर्तिमा चुनौती थपिएका छन् । त्यस्ता चुनौती र समस्याको समाधान गरी उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, सुरक्षित विद्युत आपूर्तिका देशका प्रमुख सहरलाई ११ क्लस्टरमा विभाजन गरिएको छ । यस्तै, सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरी क्रमिकरुपमा कार्यान्वयनमा लगिएको छ ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिक रुपमा विद्युतको खपत बढाउने, उत्पादन वृद्धि गरी आयात घटाउने र निर्यात वृद्धि गर्ने गरी काम भइरहेको उल्लेख गरे । आव २०७२/७३ मा तीन अर्ब ७२ करोड युनिट रहेको विद्युत खपत आव २०७३/७४ मा (२८ दशमलव ४७ विन्दुले बढी) चार अर्ब ७७ करोड युनिट पुगेको थियो । आव २०७४/७५ मा विद्युत खपत पाँच अर्ब ५६ करोड, २०७५/७६ मा छ अर्ब ३० करोड युनिट, २०७६/७७ मा छ अर्ब ४२ करोड तथा २०७७/७८ मा सात अर्ब २८ करोड युनिट भएको थियो ।

# गाउँमा चहलपहल, सदरमुकाम सुनसान

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ भदौ



स्थानीय तह कार्यान्वयन भएको ७ वर्ष पूरा भएको छ। अहिले सदरमुकाममा भन्दा पालिका नजिक चहलपहल बढ्दै गएको देखिन्छ । हिजो सुनसान रहेका गाउँपालिका आसपास गाउँ टोलहरु अहिले चहलपहल बढेको हो ।

लगानी र आम्दानीको आकर्षण बनेका जिल्ला सदरमुकाम भने स्थानीय तहले गर्दा पहिला भन्दा सुनसान भएका थिए तर अहिले चहलपहल बढदै छ ।

सदरमुकाममा हुने चहल पहल अहिले स्थानीय तहका सदरमुकाम सरेको छ । जिल्ला सदरमुकाम पहिला भन्दा सुनसान हुन थालेसँगै आर्थिक तथा व्यापारिक गतिविधिहरु समेत पहिला भन्दा अहिले घटेका छन् । स्थानीय तहका केन्द्रमा सदरमुकामको झल्को दिने चहलपहल बढ्दै गएको छ। सन्धिखर्क अर्घाखाँचीको सदरमुकाम हो, जहाँ नेतादेखि कार्यकर्ता र हाकिमदेखि कर्मचारीको जमघट हुने गर्छन् । कुनै जिल्लास्तरीय ठूलो सभा आन्दोलन र कोण सभा गर्न परे अनिवार्य झर्नुपर्ने हुन्छ र राजनीतिक दलका सबै जिल्ला स्तरीय गतिविधि सन्धिखर्कमा हुने गर्छ ।

जिल्ला सदरमुकाममा सबै सरकारी अड्डा त छन्, तर चहलपहल कम छ । अहिले सदरमुकाम विगतमा जस्तो चहलपहल देखिँदैन कारण हो, स्थानीय सरकार गाउँगाउँमा हुनु ।

सन्धिखर्कमा नागरिता र राहदानी मालपोत तिरो नापी कार्यालयहरुमा काम गराउन भने जिल्ला भरका मानिस आउनुपर्ने बाध्यता छ। स्थानीय तह कार्यान्वयनसँगै अहिले जिल्ला सदरमुकामहरु पहिला भन्दा सुनसान बन्दै गएको स्थानीय ब्यापारी बताउँछन्।

दैनिक सेवाग्राहीको चाप हुने जिविस अहिले समन्वय समितिका रूपमा परिणत भएपछि त्यहाँ समन्वय समितिका पदाधिकारी बाहेक कुनै सेवाग्राही आउँदैनन्। सन्धिखर्कमा 'भवन मात्रै ठूला छन्। बजेट र योजना कम भएको कारणले पहिला भन्दा सुनसान भएको स्थानीयको बुझाइ छ । पहिले जस्तो भनसुन गरेर पनि सन्धिखर्कका सरकारी कार्यालयमा आउन चाहने कर्मचारीको दौडधुप पनि अहिले कम देखिन्छ, कर्मचारी पनि बढी पालिकामा जान चाहन्छन् ।

सन्धिखर्कका व्यापारी तिर्थराज घिमिरेले भने,'पहिला सरकारी कार्यालयमा सबै काम हुने थियो। योजनाका कार्यक्रम हुने थिए, अहिले सबै नगरपालिका गाउँपालिकामा पुगेपछि सेवाग्राही पनि सन्धिखर्कमा कम मात्रै आउने गरेका छन्। फोटोकपी स्टेसनरीको यापार घटेको छ।'

अहिले जिल्लाका सबै कामहरु गाउँमा पालिका वडा कार्यालय वा पालिका मातहतका कार्यालय शाखा कार्यालयहरुबाट हुने गर्छ । धेरै शैक्षिक सेवाग्राही आउने शिक्षा विकास समन्वय इकाई कार्यालय अहिले निकै सुनसान हुने गर्छ। धेरै शिक्षक कर्मचारीहरुको काम स्थानीय तहमा पालिकाबाट हुने भएपछि अति आवश्यक पर्ने शिक्षक कर्मचारी बाहेक अरु सो कार्यालयमा सेवा लिन आउन पर्दैन ।

जिल्ला समन्वय र शिक्षा समन्वय इकाई, डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र भेटेनरी अस्पताल अर्घाखाँची अस्पताल, सालझण्डि ढोरपाटन, सडक जलश्रोत सिँचाइ डिभिजन, भू तथा जलाधार कार्यालय करदाता सेवा कार्यालय, घरेलु खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, प्रधानमन्त्री जोन संघीय खानेपानी, ढल व्यवस्थापन कार्यालय, नापी, मालपोत, हुलाक पूर्वाधार, विद्युत, अदालत, सरकारी वकिल कार्यालय, सडक पूर्वाधार कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, हुलाक, जिल्ला प्रशासन कोलेनिका लगायतका कार्यालयहरुबाट सेवाग्राहीले सन्धिखर्कबाट सेवा लिने गरेका छन्। जसका कारण सदरमुकामको जनजीवन पहिला भन्दा चहलपहल थोरै वृद्धि भएको छ ।

जिल्ला सदरमुकामको व्यापार पनि फस्टाउन सकेको छैन । जिल्लाको ठूलो व्यापारको हिस्सा गाउँका व्यापारीले लिन थालेका छन्। सरकारी सेवा र सुविधा पनि पहिले भन्दा सहज बन्दै गएपछि मानिसहरु सन्धिखर्क कम मात्रामा आउने गरेका छन् । जिल्ला समन्वय समिति अगाडि राशन, होटल सञ्चालन गर्दै आएका रोशन पाण्डेले भने, 'पहिला-पहिला नास्ता बेचेर थाकिन्थ्यो, अहिले व्यापार कम भएकोले समस्या उत्पन्न भएको हो ।'

स्थानीय तह कार्यान्वयन भएपछि आफु मात्रै नभएर सदरमुकामका थुप्रै व्यापारीको व्यापार घटेर गएको सन्धिखर्कका फोटो व्यापारी नारायण भट्टराई गुनासो गरे । अहिले गाउँबाट धेरै सिफारिस लिन सन्धिखर्क सदरमुकाम आउनु पर्दैन् ।

'पहिले-पहिले गाविसको सिफारिसका लागि पनि मानिस सचिव खोज्दै होटलमा आए,' देउराली होटलका सञ्चालक मेग बहादुर खड्काले भने, 'अहिले सबै गाउँ केन्द्रित हुनाले व्यापारमा ह्रास आएको महसुस भएको छ ।'

अर्घाखाँची को खनदह मालारानि गाउँपालिको स्थायी केन्द्र हो। सदरमुकाबाट सवारी साधनमा समेत १ घण्टा मा पुगिन्छ। सोही गाउँपालिकाको वडा नं १ मरेयाङका नागरिक सामान्य सिफारिसको लागि पनि सन्धिखर्क आउँदा ३ सय तिरेर सदरमुकाम आउँथे । अहिले धेरै काम गाउँपालिकाबाटै हुन्छन् । सोझै बुटवलबाट बस खनदह छुट्छन् ।

# समृद्ध नेपाल सुखी नेपाली भन्ने राजनीतिक दल नै सत्ता लिप्तमा केन्द्रित : पूर्वसांसद पुन



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ भदौ

अखिल नेपाल महिला संघकी अध्यक्ष तथा पूर्वसांसद मिना पुनले 'समृद्ध नेपाल सुखी नेपाली' भन्ने नारा लगाउने पार्टी नै देश चलाउने भएपनि देशलाई सुखी, समृद्धिसहित विकासको बाटोमा नलगी सत्ता लिप्तमा केन्द्रित भएको आरोप लगाएकी छन्। कतार नेपाली एकता समाज केन्द्रीय समितिको आयोजनामा दोहामा सम्पन्न बृहत् प्रगतिशील तिज कार्यक्रमलाई सम्बोधन गर्दै पुनले सो आरोप लगाएकी हुन् । समाजले तिज पर्वलाई लक्षित गर्दै बृहत् 'प्रगतिशील तिज' कार्यक्रम शुक्रबार फुलबारी रेस्टुरेन्टमा आयोजना गरेको थियो ।

कार्यक्रमको प्रमुख अतिथिसमेत रहेकी पुनले कतार आएर पनि दिदीबहिनीहरुसँग महान चाड तिज मनाउन पाएकोमा खुसी व्यक्त गरिन् । कार्यक्रमको शुरुवातमा राष्ट्रिय गान नबजाएकोप्रति मञ्चमा बोल्ने वक्ताहरुले उठाएको सवालको जवाफ दिँदै उनले राष्ट्रिय गान आफ्नो पार्टीले केवल सरकारी कार्यालय तथा कार्यक्रममा मात्रै बजाउने गरेको बताइन् । राष्ट्रिय गान कुनै पनि राष्ट्रको राष्ट्रभक्तिले ओतप्रोत भएको आधिकारिक गीत तथा देश प्रेमले भरिएको संगीत रचना भएको हुँदा पार्टीगत कार्यक्रममा नबजाउने गरिएको उनले स्पष्ट पारिन् ।

तिज गीतलाई माध्यम बनाए राजनीतिक पार्टीले महिलाहरुलाई जागरुक बनाउँदै मुलुकमा लोकतन्त्र स्थापना गर्न, विकृति विसंगतीविरुद्ध, महिला सशक्तीकरण, महिला हक अधिकारको निम्ति ठूलो भूमिका खेलेको बताइन्। उनले तिज पर्वले विकृति विसंगती भित्र्याएको प्रति उनले चिन्ता व्यक्त गरिन्। कतार समृद्धि र विकाससहित अगाडि रहेको र श्रमिकको रेमिट्यान्सले नेपालको अर्थतन्त्र चलेको उनले बताइन् ।

अन्तर्राष्ट्रिय नेपाली एकता समाजका महासचिव लुमाकान्त पुनले संस्थाले गर्ने कार्यक्रम केवल नाच्ने, गाउने, रमाउने भन्दापनि नेपाली मजदुर वर्गको हक अधिकारसहित महिलाहरुको सशत्त्ीकरणमा केन्द्रित हुनुपर्ने धाराण राखे । कार्यक्रममा एनआरएनए कतार, विभिन्न जिल्ला, प्रदेश, वैचारिक, पत्रकार महासंघलगायतका उपस्थित संघ संस्थाका प्रतिनिधिले तिज पर्वको शुभकामना मन्तव्यसाहित आफ्नो राय तथा सुझावहरु राखेका थिए ।

कार्यक्रममा रक्तिम सांस्कृतिक परिवार कतारका कलाकारहरु खगेश्वर भुसाल, विमल भुसाल, हिरा शर्मा, श्रवण मल्ल, कुमारी काउछा, बलदेव राना, बाबुराम पौडेल, दिल बहादुर वि.क, शान्ति राना, सुनिल बरायलीलगायतका कलाकारसहित कतारमा स्थापित कलाकारहरुको रक्तिमले प्रेरित गीत संगीतसहित थुप्रै नेपाली मौलिक तिज गीतमा आफ्ना प्रस्तुति राखेका थिए ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष राम प्रसाद पराजुलीले कतार नेपाली एकता समाज सधैं नेपाली मजदुरको हक, हितको पक्षमा लडिरहेको बताए । पराजुलीले पासपोर्ट बनाउनका लागि नै केही दलालले ४-५ सय कतारी रियल लिने गरेको सूचना प्राप्त गभएको बताउँदै यदि त्यस्तो व्यक्ति कसैले चिनेको भए खबर गर्न आग्रह गरे । समाजकी महिला विभाग प्रमुख जानुका बस्नेतले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव मिनराज पुनले सहजीकरण गरेका थिए ।

# गाउँपालिका अध्यक्ष रोकायाद्वारा प्रसूति गृहको उद्घाटन

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ९ भदौ



बझाङको तलकोट गाउँपालिका-६ रजाडाको प्रसूति गृहको उद्घाटन गरिएको छ । गाउँपालिका अध्यक्ष कलक रोकायाले गृहको उद्घाटन गरेका हुन् ।

आड्रा नेपाल र तलकोट गाउँपालिका बझाङको आर्थिक साझेदारी तथा इनरुडेक बाँकेको सहजीकरणमा ४ कोठे उक्त प्रसूति गृह हस्तान्तरण गरी उद्घाटन गरिएको हो। प्रसूति गृह सञ्चालन भएपछि स्थानीयहरु हर्षित भएका छन् ।

पालिका भित्रका गर्भवती आमाहरुलाई सहज स्वास्थ्य तथा प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यका साथ तलकोट गाउँपालिकाले एक औपचारिक कार्यक्रमको आयोजना गरी प्रसूति गृहको उद्घाटन गरेको गाउँपालिकाले जनाएको छ। प्रसूति गृह निर्माण उपभोक्ता समितिका अध्यक्ष दोरेन्द्र विष्टको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष कलक रोकाया प्रमुख अतिथि रहेका थिए । समारोहमा प्रमुख अतिथि गाउँपालिका रोकायाले तलकोट गाउँपालिका बासीलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन पालीकाले कुनै कसुर बाँकी नराख्ने बताए ।

पालिकाको दुरदराजमा रहेका हरेक नागरिकलाई सहज र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनु गाउँपालिकाको कर्तव्य भएकोले आवश्यकतालाई पहिचान गरी पालिकाको सबै ठाउँमा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन आफु लागि परेको बताए। उनले भने,'गाउँपालिका क्षेत्रभित्रका महिलाको स्वास्थ्य प्रति म सधैँ गम्भीर रहेको छु र रहने पनि छु, गाउँपालिकामा कुनै पनि सुत्केरी महिलाले अस्पताल जान नपाएर अकालमा ज्यान गुमाउनुपर्ने छैन, त्यसका लागि गाउँपालका चौविसै घण्टा यहाँहरुको साथमा छ, जनताको स्वास्थ्य सुधारका लागि सधैँका लागि पर्नेछु ।'

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष रोकायाले पालिकाका ग्रामीण बस्तिहरुमा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सृजना गर्ने आफ्नो मुख्य उद्देश्य रहेको बताए। रजाडा गाउँमा स्थापना भएको प्रसूति गृहले गर्भवति आमाहरुले सहज रुपमा प्रसूति स्वास्थ्य सेवा पाउने भएका छन् । ग्रामीण क्षेत्रका महिलाको स्वास्थ्यलाई मध्यनजर गरी प्रसूति गृहको स्थापना गरिएको गाउँपालिकाले जनाएको छ ।

कार्यक्रममा आड्रा नेपालका प्रतिनिधि टम पिनयन, विपद जोखिम कोडिनेटर डा.सुमन रावल, इनरुडेक नेपालका अध्यक्ष धर्म रोकाया र कोषाध्यक्ष मिनु रावल लगायत गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी र स्थानीयहरुको सहभागिता रहेको थियो । तलकोट गाउँपालिका र आड्रा नेपालको आर्थिक सहयोगमा निर्माण भएको उक्त प्रसूति गृहका लागि आड्रा नेपालले करिब ५ लाख रुपैयाँ बराबरको प्रसूति सामग्री पनि हस्तान्तरण गरेको छ ।

आड्रा नेपाललाई आवश्यक सहयोग सहजीकरणका गरिदिएको भन्दै गाउँपालिकाले सम्मान पत्र प्रदान गरको छ। पालिकाकोतर्फबाट संस्थालाइ सम्मान पत्र र संस्थाको तर्फबाट पालिकालाई हस्तान्तरण पत्र प्रदान गरिएको थियो ।

# स्वमूल्यांकनमा गरुडा नगरपालिका दोस्रो



**मनोज साह/मध्यान्ह**
रौतहट, ९ भदौ

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व.२०७९/०८० स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा प्रकाशन गरेको छ। मन्त्रालयले सार्वजनिक गरेको स्वमूल्यांकनको नतिजामा रौतहट जिल्लाको गरुडा नगरपालिका ७१.७५ प्रतिशत अंकसहित दोस्रो स्थान प्राप्त गर्न सफल भएको छ।

रौतहटको २ गाउँपालिका र १६ नगरपालिकासहित १८ स्थानीय तह रहेको रौतहटमा गरुडा नगरपालिका आर्थिक वर्ष २०७९/०८० स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा दोस्रो स्थानमा आउन सफल भएको हो । प्रत्येक वर्ष स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमार्फत मन्त्रालयले शासकीय प्रबन्ध, संगन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा शीर्षकमा मूल्यांकन गर्दछ ।

प्रत्येक वर्ष स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अपलोड गर्ने कार्यमा तत्कालीन कार्यालय प्रमुख मुहम्म्द मुस्ताक अलाम र सो कार्यमा सहयोग गर्ने सम्पूर्ण शाखाका प्रमुख तथा कर्मचारीलाई धन्यवाद दिँदै आगामी दिनमा पनि कर्मचारी वर्गबाट सहयोगको अपेक्षा राखेको नगर प्रमुख कन्थमनी प्रसाद जयसवालले बताए । यस्तो किसिमको नतिजाले काम गर्न अझ हौसला बढेको समेत नगर प्रमुख जयसवालले बताए ।

यसैगरी गौर नगरपालिकाले भने ८० अंक ल्याएर प्रथम स्थान हासिल गर्न सफल भएको छ। गत आर्थिक वर्षमा पनि गौर नगरपालिका प्रथम स्थान हासिल गर्न सफल भएको थियो ।

# दोस्रो लालीगुराँस सम्मान कार्यक्रम सम्पन्न




**काठमाडौं/मस-** लालीगुराँस क्रियशन मिडिया नेपाल, तेजस्वी कला केन्द्र एण्ड मिडियाको संयुक्त आयोजनामा 'दोस्रो लालीगुँरास सम्मान कार्यक्रम २०८१' सम्पन्न भएको छ। शनिवार चलचित्र बिकास बोर्ड चाबहिलको सभाहलमा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङको प्रमुख आतिथ्यतामा सम्मान कार्यक्रम सम्पन्न भएको हो ।

'अग्रजलाई सम्मान अनुजलाई प्रोत्साहन' भन्ने नारा रहेको उक्त कार्यक्रममा नेपाली चलचित्र, संगीत, खेलकुद, पत्रकारिता, ब्युटीसियन, समाजसेवी तथा विभिन्न क्षेत्रमा कार्यरत व्यक्तित्वहरुको उच्च कार्यको सम्मान स्वरुप सम्मान प्रदान गरिएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रमा आफ्नो महत्वपूर्ण भूमिका पुर्‍याएका अग्रज व्यक्तित्वहरुसँगै भर्खरै प्रवेश गरेर आफ्नो क्षेत्रमा राम्रो नाम कमाएका व्यक्तित्वहरुलाई पनि सम्मान गरिएको थियो।

सबै क्षेत्रमा कार्यरत व्यक्तित्वहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा कीर्तिमानी धावक बैकुण्ठ मानन्धर, नेपालको पहिलो नेपाली रंगीन चलचित्रकी नायिका चैत्यदेवी सिंह, चलचित्र क्षेत्रकै अग्रज नायकमध्येका विश्व बस्नेत, लोक गायक कुमार बस्नेत, नेपालका पहिलो ड्रमर देव राणालाई विशिष्ट सम्मान प्रदान गरिएको थियो ।

त्यस्तै वरिष्ठ अभिनेता तथा निर्देशक कमल कान्त मैनाली, वरिष्ठ संगीतकार लक्ष्मण शेष, गायक रोज मोक्तान, गायक तथा अभिनेता यस कुमार, वरिष्ठ मेकअप आर्टिष्ट सन्तु तमाङ, अग्रज पत्रकार बिजयरत्न तुलाधरलाई विशेष सम्मान प्रदान गरियो । त्यस्तै वरिष्ठ चलचित्रकर्मी निर्देशक राजु के.सी., अग्रज पत्रकार सानुकाजी श्रेष्ठ, युवा पत्रकार कुवेर गिरी, मोडेल सम्झना बुढाथोकी, हास्य कलाकार गायक राजन चौलागाईं 'खैराते', कलाकार प्रताप हुमागाई, संगीतकार राजनराज शिवाकोटी, युवा गायिका अस्मिता अधिकारी, गायिका पूर्णकला बि.सि., नव मोडेल आयुश्मा कार्की, गायक आयुस परियार, संगीतकार मदन परियार, सुफ्फिक्स, सेक्साफोनिष्ट शिवराज गौतम, तेक्वाण्डो खेलाडी नन्दा वस्याल, भलिबल खेलाडी तथा कोच दिपक थापा, कराते खेलाडी ज्ञानेन्द्र कुमार श्रेष्ठ, वरिष्ठ मेकअप आर्टिष्ट अशोक रोक्का, सिनियर कस्माटोलोजिष्ट मन्दिरा खड्का हायु, युवा व्यवसायी तथा समाज सेवी सन्दिप महतलगायतलाई सम्मान प्रदान गरिएको थियो ।

लालीगुँरास त्रियशन मिडिया नेपालका अध्यक्ष इन्द्र बिसुन्के 'बिन्दास'को सभापतित्वमा सम्पन्न कार्यक्रममा, तेजस्वी कला केन्द्र एण्ड मिडियाका अध्यक्ष तथा कार्यक्रम निर्देशक सुमन कुमार श्रेष्ठले स्वागत मन्तव्यसहित सम्पूर्णमा स्वागत र धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि सञ्चारमन्त्री गुरुङले राष्ट्रले गर्नुपर्ने काम संस्थाले गरेको बताए । उनले आफूले क्याम्पस पढ्दाको समयमा चलचित्र हेर्दाको समयका नायक, नायिका र गायकलाई सम्मान गर्न पाउँदा एकदमै खुसी लागेको बताउँदै आयोजक टिमलाई बधाई तथा शुभकामना दिए। कार्यक्रमलाई ओजस्वी मल्टिमिडियाका अध्यक्ष तथा कार्यक्रम संयोजक अनिल सुनामले सहजीकरण गरेका थिए ।

**साउदीमा रोजगार**

कम्पनी: WHITE AND BLUE LAUNDRY SINKS
शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०५/०९ चलानी नं.: ६०२२४१२२ LT. No.: 309477

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundryman | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**New Shristi Overseas Pvt.Ltd.** Govt. Lic No.: 1036/073/074
New Baneshwor, Kathmandu, Nepal, फोन: ४१०५१२५, फ्याक्स: ४४८८०८५
Email: shristinewoverseas@gmail.com, Website: www.newshristioverseas.com.np

**साईप्रसमा रोजगार**

कम्पनी: POWERSTAFF CA PRIVATE EMPLOYMENT AGENCY
शहर: CYPRUS,LARNACA
पूर्व स्वीकृत मितिः २०८१/०५/०९ चलानी नं.: ६०२२४१२० LT. No.: 309401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ५९,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ७०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GLOBAL RISING PLACEMENT PVT. LTD.**
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636 9801316653

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० भदौ २०८१, सोमबार
26 August 2024, Monday

## सम्पादकीय

# संकट कुरेर बस्ने सत्ता

लगातारको अविरल बर्षाका कारण देशभर ठूलो संख्यामा जनधनको क्षति भइरहेको छ । समथर भू-भागमा डुबानको समस्या छ भने पहाडी र उच्च पहाडी क्षेत्रमा बाढी पहिरोको समस्या छ । औसत भन्दा बढी बर्षा भएको यो वर्ष उच्च हिमाली क्षेत्रहरूमा समेत समस्या देखिएको छ । सोलुखम्बुमा हिमताल फुट्दा थामे बस्ती नै डुबानमा परेको थियो । सानो ठूलो पहिरोले पहाडी क्षेत्रहरूमा ठूलो संख्यामा मानवीय क्षति पुगिरहेको छ । गृह प्रशासनले मृतक, घाइते र बेपत्ताहरूको सूची नियमित अपडेट गरिरहेको छ । साउन महिनाभर गृह प्रशासनले उच्च सतर्कता अपनाउन आग्रह गरिरहनुपर्ने परिस्थिति बन्यो । खोला किनारको बस्ती र भिरालो एवं पहिरोको जोखिममा रहेका बस्तीमा सर्तकता अपनाउन सरकारले निरन्तर अपिल गरिरहेको छ ।

तर सरकारी अपिलले प्रकोपबाट पुग्ने क्षति रोकिएको छैन । बरू आवश्यक सावधानी अपनाउन नसक्दा चितवनमा पहिरोले पुरिएर यात्रु बस नै बेपत्ता भयो । भारतीय सहयोगको चुम्बकले गाडी समेत फेला पर्न सकेन । लगातार वर्षाका कारण कमजोर बनेको सडककै कारण अरूतिर पनि सवारी दुर्घटना भए । यस्ता अनेक प्रकोपका बीच जाजरकोटमा पहिरोले पुरिएर केही भूकम्प प्रभावितहरूको समेत मृत्यु भयो । नलगाड नगरपालिका-२ मझगाउँका लालबहादुर परियारको घर भत्कदा तीन जनाको मृत्यु भएको थियो । गत वर्ष १७ कात्तिकमा गएको भूकम्पमा परेर घर भत्किएपछि लालबहादुर परिवार अस्थायी टहरामा बस्दै आएको थियो । अस्थायी टहरामै बसिरहेका भरी नगरपालिका-५ इबरका प्रिन्स विश्वकर्माको पहिरोले पुरिएरै ज्यान गयो । पहिरोमा परेर अरू थुप्रै भूकम्प पीडित घाइते भएका छन् ।

अर्थात् भूकम्पबाट जोगिएकाहरूको पहिरोमा पुरिएर मृत्यु भयो । हिउँदको समयमा भूकम्प पीडितहरू चिसोबाट सताइएका थिए । कतिपय भूकम्प पीडितको कठङ्ग्रिएर मृत्यु भएको थियो । त्यसबेला पनि सरकारको चर्को आलोचना भएको थियो । किनकि भूकम्पमा परेकाहरूलाई न्यानोमा राख्नु राज्यको दायित्व थियो । तर चिसोका बेला भूकम्प पीडितलाई न्यानो कपडा दिन नसकेको सरकारले वर्षाका बेला सुरक्षित राख्न सकेन । जबकी भूकम्प गएर हल्लिएको जमिनमा वर्षाको बेला पहिरोको खतरा पूर्वअनुमानित कुरा हो । अहिले पनि जाजरकोटमा मात्र ८२ बस्ती जोखिममा रहेको अनुमान गरिएको थियो । तर आवश्यक ध्यान नदिदा पहिरोले पुरिएर नागरिकले ज्यान गुमाउनुपर्ने परिस्थिति देखियो । अझैपनि राज्यको दायित्व सकिएको छैन । किनकि वर्षा जारी छ । तत्काल राज्यको भूमिका भूकम्प पीडित क्षेत्रमा देखिन जरूरी छ ।

# समृद्धिको कल्पना र शिक्षा

*मानव पुँजी निर्माणको सोपान शिक्षा र स्वास्थ्य नै हो । तर, जसप्रति हाम्रो ध्यान गएन । सबैले भन्छन्, विद्यार्थीहरू राष्ट्रका कर्णधार हुन्, भविष्यका संवाहक हुन्, देश निर्माणमा उनीहरूकै हात हुन्छ तर, हाम्रो नयाँ पुस्ता खाडीमा धकेलिएको छ । एक वर्षमा १४ खर्ब रकम तिनीहरूबाट देशले विप्रेषण पाएको तथ्यांकमा हामी गर्व गरिरहेका छौं ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

शिक्षा भन्नु र ज्ञान भन्नु पृथक विषय हो, हिजोआज शिक्षा नै पाउन नसकिएको सन्दर्भमा ज्ञानको विषय त परको छ । ज्ञान त त्यस्तो विषय हो, जुन जानेपछि जान्नुपर्ने बाँकी नै केही रहन्न । गीताले मुक्तिको सोपान नै ज्ञान हो भनेका छन्, जान्नु मात्र नै ज्ञान भने होइन जानेर मान्नु पनि पर्छ ।

मनोवेत्ताहरू भन्छन् शारीरिक चोटभन्दा मानसिक चोट बढी खतरनाक हुन्छ । सबैले भन्छन्, विद्यार्थीहरू राष्ट्रका कर्णधार हुन्, भविष्यका संवाहक हुन्, देश निर्माणमा उनीहरूकै हात हुन्छ । नयाँ पुस्ता बढी संवेदनशील पनि हुन्छ । तर, हाम्रो नयाँ पुस्ता खाडीमा धकेलिएको छ र समग्रमा एक वर्षमा १४ खर्ब रकम तिनीहरूबाट देशले विप्रेषण पाएको तथ्याङ्क सार्वजनिक भएको छ ।




नयाँ पिँढीलाई खुलेर विश्वास गर्नाले आजको थाइलैण्ड साँच्चै थाइलैण्ड भएको छ र त्यहाँ भर्खरै ३७ वर्षीय सिनावात्राले देशको प्रधानमन्त्रीको पद बहाली गरेकी छिन् । पुराना पुस्तालाई खुलेर विश्वास गर्नाले आजको जापान साँच्चैको जापान भएको हो । त्यसो त औपचारिक प्रमाणपत्र प्राप्त गर्न नसके पनि विद्यार्थीका लागि पहिलो पाठशाला भनेको घर नै हो, पहिलो शिक्षक शिक्षिका भन्नु पिता, माता, अग्रज र आफन्त नै हुन् । विद्यार्थीको सुन्दरता भनेकै उनीहरूको इमानदारिता हो, अनुशासन हो, नैतिकता हो । त्यस्तो जनशक्ति तयार भएपछि मात्र हामीले कल्पना गरेको सुशासनको अभ्यास सुहाउँछ लोकतन्त्रमा ।

हाम्रा सुशासनका नाइकेहरूले आफ्ना सन्तानलाई झुट र ठगी गर्न सिकाए । साना नानीहरूलाई झुठ बोल्न आउँदैन, उनीहरूको जीवन सत्ययुगमा बाँचेको हुन्छ र त एउटा साहुले आफ्नो घरमा आएर ढोका ढकढकायो भने, घर मुलीलाई खोजेको महशूस गऱ्यो भनेर ऊ सिधै भन्छ, "हाम्रा बा त भकारीभित्र लुक्नु भा को छैन !"

कमलो मन मस्तिष्क बोकेका हाम्रा साना नानीहरूको विधि व्यवहारलाई हामीले बुझ्न सकेनौं । हाम्रा पाठ्यक्रमले बुझ्न सकेनन् । हाम्रा शैक्षिक नीति निर्माताहरूले बुझ्न सकेनन् । हाम्रा विद्यालय, महाविद्यालय, विश्व विद्यालयहरूले बुझ्न सकेनन् र त हामीले ठुलो कष्ट झेलिरहेका छौं अहिले । घर परिवारले मात्र होइन, देशैले ठुला झड्काहरू व्यहोरिरहेको छ । इमानदारिता, नैतिकता, अनुशासनलाई कायम राख्न देशलाई हम्मे-हम्मे परिरहेको छ । कानुनले मात्र कहाँ हुँदो रहेछ त ? विद्यार्थीका लागि पुस्तकको ज्ञान सबै ज्ञान होइन, व्यवहारिक ज्ञान बढी हुनु पर्छ । हामीकहाँ देशप्रति इमानदार हुने जनशक्ति तयार गर्ने शिक्षा नीति भएको भए, सायद टेस्ट पास गर्न नपाई गाउँ छोडेर सहर पस्ने अनि प्लस टूको अभियानमै देश छोडेर बिदेसिने तरखरमा हुन्नथे होलान् हाम्रा स-साना नानीहरू ।

हिजो आज त गीतै यस्तो घन्किएको छ, 'भिजिट भिसामा ....,भुइँ छोडी उड्ने हो पश्चिम दिशामा ।' पहिले कोरोनाले देखाइदियो कहाँ कसरी उड्ने हो भनेर । अहिले पनि हाम्रो बजार ठप्प छ, सबैथरि किनेर खाँदा अधिक समस्या छ, उत्पादन छैन, व्यवसाय गर्ने आदत र व्यवहार छैन, सरकारले टिकटक खोल्यो, रुग्ण उद्योग खोलेन, आफ्नो उत्पादन केही छैन हात मुख जोर्ने समस्या छ । शिक्षा यति महँगो छ कि स्कुलबाट शिक्षा बा विद्या बा ज्ञान होइन बस्तुको खरीद-बिक्री हुन्छ र अभिभावकहरू माथि ठुलो पिडा थोपरिएको छ ।

स-साना नानीहरूका आफ्नै समस्याहरू छन् । घर, परिवारप्रतिको सम्बन्ध, उनीहरूको टोकसो, छर छिमेक अनि नातागोताप्रतिको नैतिक दायित्व, उपस्थिति साथी भाइप्रतिको उदारता, शिक्षक शिक्षिका प्रतिको व्यवहार, ठुला-ठुला झोला बोक्दै कुद्नु पर्ने समस्या, चार घण्टासम्मको ट्राफिक जाम, बसको उकुस मुकुस वातावरणबाट लखतरान भएर कोठामा बल्ल तल्ल पसेको हैरानी, गृहकार्य, अब त ट्युसनको नाममा पूरै स्कुलतिर, घरधन्दामा पनि सघाउनु पर्ने दायित्व, परीक्षाको तयारी, ठूलाको आदेश, सानाप्रतिको दया माया, आफ्नो सरसफाइ, कतिपय अर्थमा खर्चबर्चको जोहो, बल्ल एउटा परीक्षा सकियो अव कुन विषय लिएर कहाँ पढ्ने ? कुन विद्यालय वा कलेज राम्रो ? पढेअनुसारको काम पाइने नपाइने हचुवाको जिन्दगी, वृत्ति विकासमा धक्का लाग्ला कि भन्ने डर, भनौं आशै आशको र त्रासै त्रासको जीवन, अझ दुर्व्यसनी तिर लागिएला भन्ने त्रास भनौं सिङ्गो विद्यार्थी जीवन त्रासदीय मनोविज्ञानमै बितेको हुन्छ ।

अभिभावकहरू पनि त्यस्तै मनोविज्ञानको भुँमरीमै हुन्छन् । कतिपय त 'हिस्स बूढी, हरिया दाँत' भन्ने उखानमा चरितार्थ बन्न पुग्छन् पनि । समाज तीव्र आकाङ्क्षी र बढी प्रतिस्पर्धी हुँदैछ । समाजमा एक किसिमको भाग दौड प्रतियोगिता चलेको छ । सम्पत्तिको ठुलो मोह छ, अन्त्यमा साँढे तीन फिटको जमिन नै पर्याप्त हुने ध्रुव सत्यलाई मानिसले बिर्सेको छ, त्रासदी घटनाहरू यत्रतत्र छन्, भनौं मानिस जन्मँदै समस्या बोकेर जन्मिन्छ र हुर्कँदै, पढ्दै, बढ्दै जाँदा समस्या थपिँदै जान्छन् ।

देशमा व्यवस्था बदलियो, अवस्था उस्तै मात्रै रहेन, बढी ओरालो लाग्यो, भागदौड प्रतियोगिता चल्यो र धनको बढी कदर हुन थाल्यो । पंक्तिकारको एउटा तीतो अनुभव छ, झन्डै साँढे पाँच दशकअघि उसले एसएलसी परीक्षामा सामेल हुँदा काठमाडौंको भृकुटीमण्डपबाट २ लिटर मट्टितेल ग्यालेनमा बोकी कोठामा खाना बनाइ परीक्षामा सामेल हुनु परेको थियो, अहिले धेरै सुविधा छ तर, विद्यार्थीहरू जाँगरिला भएका छैनन् र आफ्नो भित्री कपडा आफू धुन जान्दैनन् अनि दाँत सफा गर्न शनिबार पर्खनु पर्छ । अभिभावकलाई काममा सहयोगको कुरै छैन, स्कूल छोड्न जानुपर्ने, लिन जानुपर्ने कक्षा ९ र १० का विद्यार्थीलाई, यो कस्तो जमाना आएको ।

मानव पुँजी निर्माणको सोपान शिक्षा र स्वास्थ्य नै हो । बाल स्वास्थ्य र कुपोषणमा बढी ध्यान दिन सकिएको छैन । परिवार स्वास्थ्य र सुरक्षित मातृत्वमा बढी ध्यान दिन सकिएन, क्षयरोगीको संख्या वृद्धि हुनु भएन, यौन रोग र एच.आई.भी अनि एड्सजस्ता रोगहरू नियन्त्रणमा रहन जरुरी छ । कुष्ठरोगदेखि नसर्ने उच्च रोगहरूको रोकथाम जरुरी छ । औलो र कालाजार निवारण गर्न जरुरी छ । खाने बानीमा परिवर्तन भएकाले मुख, दाँत, गिजाका समस्या बढेका छन् । विद्यालय शिक्षाका स्वास्थ्य शिक्षाको कमीले गर्दा केटाकेटीहरूको लवाई खुवाई, आँखाको समस्या, मानसिक स्वास्थ्यको समस्या थपिएका छन् । मोबाइल, कम्प्युटर, ल्यापटपले निम्त्याएको स्वास्थ्य समस्या, मनोसामाजिक र मानसिक स्वास्थ्य समस्या थपिँदै आएको छ । केटाकेटीहरू आफन्तसँग रमाउने भन्दा नेट, इन्टरनेटमा रमाउने परिवार, एक्लिएको अवस्था, बूढाबूढीहरूले माया नपाउने अवस्था सिर्जना भएको छ । अकालमा कसैले ज्यान गुमाउन नपरोस् भन्ने मूल्यमान्यतालाई आत्मसात् गरिनु पर्ने थियो ।

समूह, भीड जम्मा हुने स्थान, उद्योग, कलकारखाना, व्यवसाय, ठुला होटेल, रिसोर्ट, सिनेमा हल, विद्यालय, कार्यालय परिसर, राजमार्गलगायत भीड जम्मा हुने क्षेत्रमा अग्रिम स्वास्थ्य सेवाको पहुँच जरुरी छ । विद्यालयहरूमा मनोरञ्जन भन्दै व्यापक ध्वनि प्रदूषण गराइरहेको देखिएको छ । यो घातक कुरा हो । साथै, खानपिन, रहनसहन, जीवनशैलीप्रति पनि आम रूपमा सबैले ध्यान पुऱ्याउन सक्नुपर्छ । हाम्रो समाजमा चिच्याहट छ, कुण्ठा छ, ईर्ष्या र वैमनस्यता छ, यसले नष्ट ऊर्जा, नकारात्मक ऊर्जा बढाउँछ र मान्छे छिटो शिथिल हुन्छ । हामीकहाँ बाल मनोविज्ञानका ज्ञाताहरू नै नभएको आभाष हुन्छ ।

मानव पुँजी निर्माण बिना राष्ट्र निर्माणको काम अधुरो रहन्छ । २१औं शताब्दीको चुनौतीसँग सामना गर्ने दक्ष र स्वस्थ जनशक्तिको अभावमा अल्प विकसित एवम् विकासोन्मुख राष्ट्रहरू अहिले छटपटिएका छन् । संघीय संरचनाको अभ्यासमा रहेको हाम्रो मुलुक पनि असल मानव संसाधन विकासको योजनाको अभावबाट अछुतो छैन । मानव पुँजी निर्माणको आधार भनेको असल स्वास्थ्य अनि त्यसका लागि असल शिक्षा नै हो । असल स्वास्थ्य र गुणस्तरीय शिक्षाको अभावमा हामीकहाँ प्रशस्त मानव संसाधन विकास गरी मानव पुँजी निर्माण गर्न सकिएको छैन । फलस्वरूप सक्षम, कर्तव्यनिष्ठ, अनुशासित र उत्पादनशील जनशक्तिको अभाव झेल्दै आएको हाम्रो मुलुक लामो समयदेखि उच्चतम प्रयास गर्दा पनि समृद्ध र समुन्नत हुन सकेको छैन । यसमा नेतृत्वको दोष छ, सयौं काण्डहरू लुकाउन खोज्ने राजनैतिक प्रणालीले देशको होनहार सन्ततिको पहिचान गर्न सकेन, गलत प्रयोगमा लगायो र अति भएपछि तिनीहरूले देशै छोडिदिए । बङ्गलादेशका युवाले त सहन सकेनन्, हामीकहाँ पनि युवा एकजुट हुने हो भने नेतृत्वलाई घिच्चाउन सक्छन् ।

जनगणनाअनुसार देशको कूल जनसंख्यामध्ये १८ वर्ष मुनिका बालबालिका एवम् किशोर किशोरीको संख्या ४४ दशमलव ४ प्रतिशत छ । १० देखि १९ वर्ष समूहका बालबालिका २४ दशमलव १९ प्रतिशत छन् । कूल जनसंख्याको ४० दशमलव ३५ प्रतिशत युवाहरू छन् । यी सबै समूहको उचित शिक्षा दीक्षा र असल स्वास्थ्यको वातावरण राज्यले तयार गर्न सकेको छैन । शिक्षित, अशिक्षित वा कम शिक्षित छन् धेरै जनशक्ति विदेश पलायन छ । मुलुकमा साक्षरताको अभियान अझै चलाउनु परेको अवस्था छ र विद्यालयमा ड्रप आउट संख्या बढेको छ । अब त सन्तान वृद्धि नै रोकिने अवस्था छ, भारत, चीनलाई जनसंख्याको पिरलो भएन, तर हामीकहाँ अभिभावकले सन्तान पाल्न नसकेर एउटा मात्रै जन्माउन थाले । अल्छी जनशक्ति आधा हो वा एक चौथाइ वा राज्य र घर परिवारको बोझ मात्रै हो । देशमा नीति नै तय भएन, लूटनीति र झुठ नीतिले देश सक्किने हो, उँभो नलाग्ने हो, कुन सूचक सकारात्मक छ देशमा ?

## सामाजिक सञ्जाल



- चन्द्र श्रेष्ठ

मुलुक र नागरिकको हकहितमा परिवर्तन ल्याउन सक्ला/नसक्ला त्यो समयले नै बताउला तर, जन्मिएका स्वतन्त्र व्यक्ति एवम् रास्वपाले भ्रष्टहरूलाई एक पटक सोच्न बाध्य पारिदिएको छ; यहाँ लुटेको धनको कुनै न कुनै दिन खोज्ने शक्ति पैदा भइसकेको छ । यसैले त पाँच वर्षे हत-म्याद खोज्दैछन् ।



- राधाकृष्ण कटवाल

नीतिगत भ्रष्टाचारलाई कारबाहीको दायरामा ल्याऔं । घुस दिनेलाई कारवाही गर्ने ऐन हटाऔं । घुस दिनेलाई कारवाही गर्नु भनेको "तैं चुप मैं चुप" हुनु हो । घुस रहरले होइन, बाध्यताले दिने हो । त्यसैले सुन तस्करीमा सुराकी दिनेलाई जस्तै घुस दिनेलाई पनि पुरस्कृत गरे भ्रष्टाचारको अन्त्य आफै हुन्छ ।



- मुमाराम खनाल

सम्बन्ध भनेको थप खुसी, सुखी र सहयोगी होस् भनेर कायम राख्ने हो । जब सम्बन्धले नै थप चिन्तित, दुःखी र असहाय बनाउँछ भने जुनसुकै सम्बन्धलाई पनि सकेसम्म चाँडो अलग गरिदिनुपर्छ । समाज, आफन्त र साथीभाईले के भन्लान् भनेर आफैलाई दुःख दिने सम्बन्धलाई जोगाउन खोजियो भने त्यसको परिणाम अझ दुखदायी हुन्छ ।



- ओमकुमार थापा

प्रचण्डले २०६४ मा माओवादीलाई भोट हाल्नेको लिस्ट बनाउन गाईजात्रे उर्दी जारी गरेछन् । प्रचण्डहरूलाई राम्रैसँग थाहा होला, त्यतिबेला किन त्यत्रो भोट आयो ? जनता माओवादीको हिंसा र आतंकबाट आजित थिए । यिनीहरूलाई भोट दिए शहर पस्छन् र दुःख दिँदैनन् भन्ने भ्रम थियो । अब दिउँसै सपना नदेखे हुन्छ ।

# क्रान्तिका लागि एकता

विचार



● समर्पण भट्टराई

*हामी जुन अवस्थामा छौँ, यसको निकास सहज छैन । जसको निम्ति अर्को क्रान्ति अपरिहार्य छ । अर्को क्रान्तिका लागि सबै परिवर्तनकारी शक्तिहरू एक ठाउँमा उभिएर, बहस र समीक्षा गर्न तयार किन नहुने ? यो प्रश्न यति बेला हामी सबैमाथि खडा भएको छ ।*

आजसम्मका संघर्ष, आन्दोलन, बलिदान सबै अर्थहीन भए । कहीँ कहीँ कुनै न कुनै मोडमा कोही सम्झौतामा त कोही आत्मसमर्पणमा सकिए । अबको संघर्ष कि मृत्यु कि मुक्ति यही अन्तिम निष्कर्षका साथ अगाडि बढाउन पर्छ । बारम्बारको धोका सम्झौता र आत्मसमर्पण अनि अवसरवादी नेतृत्वको कारण नेपाल र नेपाली दुवै आजित भएको छन् ।

यसको अर्थ यो होइन कि अबको संघर्षमा जनताले सहयोग गर्दैनन्, जनता सधैँ रूपान्तरण र न्यायको पक्षमा हुन्छन् । आज समाज एक प्रकारको निराशामा गएको छ, जताततै भ्रष्टाचार, दलाली, लुटपाट, महँगी, हत्याहिंसा, बलात्कार, बेरोजगारी सबै समस्याबाट आजित छन् । सबै तिरबाट निराशा नै निराशा छाएको छ । काङ्ग्रेस, एमाले, माओवादी विभिन्न दलहरू अहिले आएका नयाँहरूको पनि हविगत देखेर अब चाहिँ केही हुन्न रहेछ, कसैले केही नगर्ने रहेछन् भने जस्तो भएको छ । शान्तिपूर्ण अवस्थाबाट यो अवस्थाको अन्त्य असम्भव छ ।

राज्य सिङ्गो दलाली र माफियाको चङ्गुलभित्र छ । यो दलाल संसदीय व्यवस्था नेपालमा मात्रै होइन, विश्वव्यापीरूपमा असफल साबित भैसकेको छ । अब यो अवस्थामा यो व्यवस्थाभित्र सुधार खोज्ने प्रयास आगो लागेको घरमा आफू कोठाभित्र चुकुल लाएर बसेर सुरक्षित गर्नु जस्तै मुर्खता सिवाय अरू केही हुन सक्दैन । तसर्थ, व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवाद अथवा नेपाली विशेषताको समाजवाद नै एक मात्रै अन्तिम विकल्प हुन आउँछ ।

व्यवस्था होइन, अवस्था फेरौं र फेर्छौं भन्नुको कुनै खास अर्थ छैन । अवस्था फेर्न सम्भावना छैन । वडा कार्यालयदेखि राष्ट्रपति कार्यालयसम्म दलाली र भ्रष्टाचारबाट अछुतो नरहेको यो स्थितिमा अवस्था फेर्छु भन्नू पनि गैर राजनीतिक तर्क हो तसर्थ, वैज्ञानिक समाजवाद अथवा नेपाली विशेषताको समाजवादको निम्ति सबै एकजुट हुन आवश्यक छ । संसदीय अथवा संसदवादी दलहरूको सहकार्यबाट हामी समाजवाद पुग्न सकिन्न । उनीहरू त्यसको निम्ति कुनै पनि हालतमा तयार छैनन् । तसर्थ, उनीहरूसँगको सहकार्य पनि एक प्रकारको धोका साबित हुने निश्चित छ ।

गैरसंसदवादीहरूको संयुक्त मोर्चा निर्माणसँगै आवश्यकताअनुसार शान्तिपूर्ण र सशस्त्र दुवै संघर्षलाई साथै अगाडि नबढाउँदासम्म हामी समाजवादमा पुग्न सक्दैनौ । यो नै अन्तिम सत्य हो । तसर्थ, सम्पूर्ण राष्ट्रवादी र समाजवादीहरूको सहकार्य एकता र मोर्चा बन्दी अनि संघर्ष नै आजको हाम्रो मुख्य जिम्मेवारी र कार्यभार हो । यसको निम्ति गैर संसदीय दलहरूले गम्भीरतापूर्वक सोच्नपर्छ । आदर्श सबैको समाजवादी हुने व्यवहारमा आफूभन्दा बाँकी सबै खराब देख्ने र ठान्ने मानसिकताले कसैलाई निष्कर्षमा पुऱ्याउँदैन । त्यसैले फेरि टुटफुट र विसर्जनमा मात्रै हो । यसर्थ, क्रान्ति र समाजवाद चाहने सबै शक्ति एक ठाउँमा उभिएर, बहस र समीक्षा गर्न तयार किन नहुने ? यो प्रश्न यति बेला हामी सबैमाथि खडा भएको छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | स्वास्थ्य राम्रो रहनेछ । शान्त र आनन्दित रहने योग छ । |
| वृष | : | विवादमा पर्ने योग छ । राजनैतिक सहयोग प्राप्त हुनेछ । |
| मिथुन | : | धन-लाभमा कमी आउनेछ । अनावश्यक काममा समय खर्च हुनेछ । |
| कर्कट | : | कार्य सफल हुनेछ । जोखिम लिनु हुँदैन । |
| सिंह | : | सम्पर्कमा वृद्धि हुनेछ । झुटो आरोप लाग्न सक्छ । |
| कन्या | : | अर्कामाथि भरोसा नगर्नु होला । चिन्तामा वृद्धि हुने योग छ । |
| तुला | : | अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक | : | नौलो मित्र बन्नेछन् । वाहन चलाउँदा सावधानी राख्नुपर्छ । |
| धनु | : | शुभ समाचार प्राप्त हुनेछ । धन वृद्धि हुने योग छ । |
| मकर | : | वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ मिल्नेछ । आहारमा ध्यान दिनुपर्छ । |
| मीन | : | अनावश्यक खर्चको योग छ । पारिवारिक सहयोग भने प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# इजरायल र हिज्बुल्लाहबीच आक्रमण



**काठमाडौं/एजेन्सी–** इजरायली सेनाले आफूमाथि हुनसक्ने ठूलो स्तरको हमलाको प्रतिरक्षामा लेबननका विभिन्न ठाउँमा हिज्बुल्लाहको निशानामा आक्रमण गरेको जनाएको छ । इजरायलले दक्षिण लेबननका ४० वटा त्यस्ता प्रक्षेपणस्थलहरूलाई निशाना बनाउन आफूले करिब एक सय वटा विमानहरू प्रयोग गरेको जनाएको छ ।

उसले 'उत्तरी र मध्य इजरायललाई निशाना बनाउने उद्देश्य लिएका हजारौं हिज्बुल्लाह रकेट लन्चरहरूलाई ध्वस्त बनाइदिएको' बताएको छ । हिज्बुल्लाहले आफ्ना एक कमान्डरको हत्याको बदलामा पहिलो चरणमा गरिएको कारबाहीमा इजरेलतर्फ ३ सय भन्दा बढी रकेट प्रहार गरेको जनाएको छ । उसले अहिलेका लागि उसको कारबाही सम्पन्न भएको जनाएको छ । लेबननको स्वास्थ्य मन्त्रालयले तीन जना मारिएको जनाएको छ । संयुक्त राज्य अमेरिकाले प्रतिरक्षाका लागि इजरायलले चालेको कदमप्रति समर्थन जनाएको छ ।

लेबनानसँगको बढ्दो तनावका बीच इजरायलले आगामी ४८ घण्टाका लागि संकटकाल घोषणा गरेको छ। इजरायलका रक्षामन्त्री योव ग्यालान्टले संकटकाल घोषणा गरेका छन् । यसले इजरायली रक्षा बल (आईडीएफ) को आन्तरिक मोर्चाको नेतृत्वलाई प्रतिबन्धहरू जारी गर्न सहज हुनेछ। मन्त्रीपरिषद्ले विस्तार नगरेसम्म यो अवस्था ४८ घण्टाका लागि मान्य हुनेछ । इजरायलमा तनाव बढ्दै गएको छ। यस क्षेत्रमा थप जोखिम बढेसँगै इजरायली नागरिकलाई उच्च सतर्कताका रहन भनिएको छ ।

इजरायली डिफेन्स फोर्स (आईडीएफ) का प्रवक्ता रियर एडमिरल डेनियल हागारीले हिजबुल्लाहको आक्रमणको बदलामा इजरायलले दक्षिणी लेबनानमा रहेका लेबनानी नागरिकलाई आक्रमण हुनसक्ने भन्दै सावधानी अपनाउन आफ्ना नागरिकलाई सचेत गराएका छन् ।

एक पत्रकार सम्मेलनमा आइडिएफका प्रवक्ताले भने, 'हिजबुल्लाहले दक्षिणी लेबनानबाट नजिक इजरायली क्षेत्रमा आक्रमण गरिरहेको छ । यसको बदलामा इजरायलले हिजबुल्लाहमाथि आक्रमण गर्ने तयारी गरिरहेको छ। तसर्थ हामी उक्त क्षेत्रमा रहेका लेबनानी नागरिकलाई तुरुन्तै स्थान खाली गर्न आग्रह गरेका छौं ।'

गत महिना तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानिया र लेबनानमा हिजबुल्लाह कमाण्डर मारिएपछि इरानले इजरायलसँग बदला लिने चेतावनी दिएको थियो। इरानको सम्भावित आक्रमणविरूद्ध इजरायलले कडा प्रतिशोधको तयारी गरिरहेको छ।

यसैबीच इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले लेबनानमा आइतबारको आक्रमण लेबनानी सशस्त्र समूह हिजबुल्लाहविरुद्ध आफ्नो मुलुकको सैन्य अभियानमा 'अन्तिम शब्द नभएको' चेतावनी दिएका छन् ।

'हामी हिजबुल्लाहमाथि अचम्मका साथ प्रहार गर्दैछौं, यो उत्तरको अवस्था परिवर्तन गर्न र हाम्रा बासिन्दाहरूलाई सुरक्षित रूपमा उनीहरूको घर फर्काउने दिशामा थप अर्को कदम हो, र म दोहोर्याउँछु कि यो अन्तिम शब्द होइन,' उनले मन्त्रिपरिषद् बैठकमा भने। उनले 'हाम्रा नागरिक र बलहरूलाई नोक्सान पुर्याउने उद्देश्यले प्रहार गरिएका हजारौं छोटो दूरीका रेकटहरूलाई सेनाले नष्ट गरेको' बताए ।

'यसबाहेक आइडिएफ (इजरायली सेना) ले मध्य इजरायलमा रणनीतिक लक्ष्यमा हिजबुल्लाहले प्रहार गरेका सबै ड्रोनलाई रोकेको छ,' लक्ष्य के हो भन्नेबारे पहिचान नगरी प्रधानमन्त्री नेतान्याहुले भने। यद्यपि इजरायली सञ्चार माध्यमहरूले हिजबुल्लाहले तेल अभिव नजिकै रहेको इजरायली मोसाद जासुसी एजेन्सीको मुख्यालयमा आक्रमण गर्न खोजेको बताएका छन् ।

# अफगानिस्तानी सदाचार कानूनप्रति राष्ट्रसंघद्वारा चासो व्यक्त

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानस्थित संयुक्त राष्ट्रसंघीय नियोगले तालिबानले हालै पारित गरेको सदाचारसम्बन्धी कानूनप्रति 'चिन्तित' रहेको बताएको छ । तालिवान अधिकारीहरूले बुधबार इस्लामी कानूनको कडा व्याख्याको आधारमा व्यापक व्यवहार र जीवनशैलीबारे प्रतिबन्धहरूको वर्णन गर्दै ३५ धाराहरू थप गरी कानूनको संशोधन गरेको घोषणा गरेका थिए।

कानूनमा व्यवस्था भएका धाराहरूको उल्लङ्घन गरेमा मौखिक चेतावनीदेखि, जरिवाना र हिरासतसम्मको प्रावधानको घोषणा सदाचार मन्त्रालय अन्तर्गतका नैतिकता अधिकारीले गरेका हुन् ।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघीय सहायता नियोग (यूएनएएमए)का प्रमुख रोजा ओतुनबायेभाले भने, 'यो अफगानिस्तानको भविष्यका लागि एक कष्टप्रद दृष्टिकोण हो । यहाँ नैतिक निरीक्षकहरूले उल्लंघनको विस्तृत र कहिलेकाहीं अस्पष्ट सूचीको आधारमा कसैलाई धम्की दिने र हिरासतमा राख्ने विवेकपरक अधिकार छ ।'

'दशकौंको युद्धपछि र भयानक मानवीय संकटका बीच अफगानी जनता प्रार्थनाका लागि ढिला भएमा, परिवारको सदस्यभन्दा बाहिरको विपरीत लिङ्गीलाई हेरेमा वा प्रियजनको फोटो राखेमा कारबाही व्यहोर्ने वा जेल जानुपर्नेछ,' ओटुनबायेभाले भने । सन् २०२१ को अगष्टमा तालिवान सत्तामा फर्किएदेखि नै कानूनका धेरै बुँदाहरू अनौपचारिक रूपमा लागू भइसकेका छन् र तालिवानले औपचारिक कानूनी संहितालाई कडाइका साथ लागू गर्नेछ वा गर्नेछैन भन्ने स्पष्ट छैन ।

'लैङ्गिक विभेद' को संज्ञा दिएको प्रतिबन्धका कारण महिलाहरू सार्वजनिक जीवनबाट वञ्चित भएका संयुक्त राष्ट्रसंघले बताएको छ। ओतुनबायेभाले भने, 'यो कानूनी संशोधनपछि पहिले नै असहनीय प्रतिबन्धहरू विस्तार गरेको तालिवान प्रशासनद्वारा लगाइएका अफगान महिला र बालिकाहरूको अधिकार, घर बाहिर महिलाको आवाजको अधिकारलाई पनि नैतिक उल्लंघन मानिएको छ ।'


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Fine Job Recruitment Pvt.Ltd. इजाजत पत्र न. ११८०/०७३/०७४ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | Annie Nagarkoti | Executive Director | 5994 |
| २. | Diamond Shrestha | Director | 66169 |

Fine Job Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. ११८०/०७३/७४
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9842149452
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np



## साउदीमा रोजगार | कम्पनी: ADWAA AL FAWARES CONTRACTING EST
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/११/२४ चलानी नं.: ६०२१६२०८ LT. No.: 301305 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 1 | 0 | स. काममा दक्ष | 2500 | ८९२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391 | 9823463896 (Whatsapp)
E-mail : nepalajeets@gmail.com



## यूएईमा रोजगारको अवसर | कम्पनी : AL TANMYAH SERVICES (L.L.C)
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७९/१०/११ चलानी नं.: ६०१९५८९२ LT. No.:280374 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 15 | सम्बन्धित काममा दक्ष | 800 | २९,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Helper | 15 | 15 | | 800 | २९,१६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Solar H.R. Management Pvt. Ltd.
(साविक Baba Human Resource Management Pvt. Ltd.)
New Baneshwor, Kathmandu, Nepal. Phone No: 01-4792482 / 4792549
E-mail : info@solarhrmnepal.com, solarhrmgt1367@gmail.com.
Govt. Lic. No. 1367 / 074 / 075



## UAE र OMAN मा रोजगार | कम्पनी : JOHN ALUMINIUM & GLASS FACTORY LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/२१ चलानी नं.: ६०२१७८८१ L.T. No.: 302997 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Aluminium Fitter | 12 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |

कम्पनी : NESTO HYPER MARKET LLC शहर: Oman
पूर्व स्वीकृत मितिः २०८१/०५/०९ चलानी नं.: ६०२२४११७ L.T. No.: 309479

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker-general | 30 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५१९५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butcher | 5 | 0 | | 130 | ४५०३२ | | | | | | | |
| 3. | Children Clothes Salesman | 20 | 0 | | 130 | ४५०३२ | | | | | | | |
| 4. | Clothing Salesman Ready | 15 | 0 | | 130 | ४५०३२ | | | | | | | |
| 5. | Cook General | 20 | 0 | | 150 | ५१९५९ | | | | | | | |
| 6. | Electrical Household Appliances Salesman | 30 | 0 | | 130 | ४५०३२ | | | | | | | |
| 7. | Household Utensils Salesman | 15 | 0 | | 130 | ४५०३२ | | | | | | | |
| 8. | Meat Cutter Male | 5 | 0 | | 130 | ४५०३२ | | | | | | | |
| 9. | Packing And Packaging Worker | 25 | 0 | | 100 | ३४६४० | | | | | | | |
| 10. | Salesman (Trre) | 15 | 0 | | 130 | ४५०३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Butwal: 9802676987



## साउदीमा रोजगार | कम्पनी: CADDELL CONSTRUCTION COMPANY DELLC
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०८३ L.T. No.: 309369

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour (building Projects) | 32 | 0 | स. काममा दक्ष | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | नि:शुल्क |

Dynamic Sales & Services (P) Ltd.
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com



## साउदीमा रोजगार | कम्पनी: Support Lines Corporation for General Contracting
शहर: Saudi

पुर्व स्वीकृत मितिः २०८१/०५/०९ चलानी नं.: ६०२२४१०६ L.T. No.: 309495

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६४,२४२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ERAM OVERSEAS PVT. LTD.
Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com



## Kuwait मा रोजगार ZAWARAH COMPANY FOR DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृती मितिः २०८१/०५/०९ चलानी नं. ६०२२४११५ LT No. : 309493

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Car Delivery Driver | 35 | 0 | काममा दक्ष | 135 | ५८,८८५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ताः २०८१ भदौ १७ गते (2 Sept., 2024) यस प्रा. लि. कार्यालय सामाखुसी हुनेछ ।**

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com



## यूएईमा रोजगारको अवसर | कम्पनी: AL FARIS EQUIPMENT RENTALS LLC
शहर: UAE

पुर्व स्वीकृत मितिः२०८०/११/३० चलानी नं.:६०२१६३७३ L.T. No.: 301478 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shovet Operation Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2600 | ९४७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Crane operator | 15 | 0 | | 2600 | ९४७९६ | | | | | | | |
| 3. | Froklift Driver | 25 | 0 | | 1500 | ५४६९० | | | | | | | |
| 4. | Heavy Truck Driver | 25 | 0 | | 1800 | ६५६२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Gulf Sky International Pvt. Ltd.
श्रम ईजाजत नं. ८९०/०६७/०६८
गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८०१११६८६९



## युएईमा रोजगार | कम्पनी: STS TECHNICAL SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४८७ L.T. No.: 300580 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1260 | ४५९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Assistant | 12 | 0 | | 1000 | ३६४६० | | | | | | | |
| 3. | Gas Fitter/pipe Fitter | 30 | 0 | | 1260 | ४५९३९ | | | | | | | |
| 4. | Insulation Worker | 29 | 0 | | 1260 | ४५९३९ | | | | | | | |
| 5. | Plumber | 22 | 0 | | 1260 | ४५९३९ | | | | | | | |
| 6. | Plumber Assistant | 14 | 0 | | 1000 | ३६४६० | | | | | | | |
| 7. | Welder | 6 | 0 | | 1260 | ४५९३९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०
शाखा कार्यालयः सृजनाचोक, पोखरा । सम्पर्क :०६१-५७१५६३, ९८२९१४३८०१



## कुवेतमा रोजगार | कम्पनी : AREEBA DELIVERY CONSUMER DELIVERY COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०३/१७ चलानी नं.: ६०२०४१५९ LT. No.: 288859 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 14 | 0 | स. काममा दक्ष | 140 | ६१,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौं १७ गते (2 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565.



## साउदीमा रोजगारको अवसर | कम्पनी: BRANCH OF SAMI SALEH AL OTAIBI TRADING COMPANY
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०८८ L.T. No.: 309352

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shop/ Store Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ZAID AWADH AL ABLAN MEDICAL COMPLEX शहर: HAFAR AL BATAIN
पूर्व स्वीकृत मितिः २०८०/११/२३ चलानी नं.: ६०२१६०९८ L.T. No.: 301211 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: CHAMPIONS SPORTS CHALLENGE CENTRE शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०२/०७ चलानी नं.: ६०२०१७८९ L.T. No.: 286419 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: FOUR NINE GOLD AND JEWELRY COMPANY IS A ONE PERSON COMPANY शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०५/०५ चलानी नं.: ६०२२४०९७ L.T. No.: 309316

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Jeweler | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १८ गते (3 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
